*[२०६४ सालको मदन पुरस्कार विजेता ग्रन्थ 'अन्तर्मनको यात्रा' (आत्मालाप) का स्रष्टा जगदीश घिमिरेको मन्तव्य]*

**आदरणीय अध्यक्षज्यू, पराजुलीज्यू, सत्यमोहनज्यू तथा विद्वत् मण्डली,**

**नमस्कार !**

स्रस्टाहरूद्वारा अत्यन्त वाञ्छित मदन-पुरस्कार ग्रहण गर्न लागेको मेरो जीवनको यस अत्यन्त महत्त्वपूर्ण क्षणमा लामो र गरिमामय इतिहास बोकेको यस गुठीका संस्थापकको सार्थक देनलाई कृतज्ञतापूर्वक स्मरण गर्दै सबै सरोकारवालाहरूलाई म हार्दिक साधुवाद अर्पण गर्दछु ।

साधकहरूद्वारा उत्तिकै वाञ्छित जगदम्बा-श्री प्राप्त गर्ने मेरा अग्रज र मैले सधैं सम्मान गरेका, वाङ्मयको सेवामा समर्पित स्रष्टा श्री कृष्णप्रसाद पराजुलीलाई हार्दिक बधाई अर्पण गर्दछु र उहाँ भावी पुस्ताहरूका लागि प्रेरणास्तम्भ बनिरहनुहोस् भन्ने शुभकामना पनि व्यक्त गर्दछु ।

संस्कृति वातावरणको मानव-निर्मित अंश हो। मानव समुदायको पहिचान पनि संस्कृति नै हो। संस्कृतिको प्रमुख आधार भाषा हो। भाषा मानव समुदायको प्रवल पहिचान हो। भाषाको महत्त्व त्यस भाषामा सिर्जना गरिएको साहित्यको गहनता र प्रचूरता हो। हाम्रो पहिचान त्यही हो जे हाम्रो संस्कृति हो, जे हाम्रो भाषा हो र जे हाम्रो साहित्य हो। मैले आफ्नो जीवनमा साहित्यमा जति लगानी गर्न सकें त्यही नै मेरो सौभाग्य हो, सार्थकता हो। मेरो जीवनको सबभन्दा ठूलो प्राप्ति मेरा पाठकहरू र साहित्यकार मित्रहरू हुन् ।

मेरो साहित्य सिर्जनामा मैले बाल्यावस्थामा पढेको साहित्यको गहिरो प्रभाव छ। लेखकका रूपमा आज म जे छु, त्यसमा मेरा पूर्ववर्ती

स्रष्टाहरूको लगानी र प्रेरणा छ। मेरा ती पूर्ववर्ती स्रष्टाहरूलाई चिनाउने मेरी निरक्षर आमा हुनुहुन्थ्यो जसले वाल्यावस्थामा अरूले पढेको र लेखेको देख्ता त्यसको ईखमा पढ्न र लेख्न सिक्नुभयो। उहाँले काशीबाट रामायण र महाभारत झिकाउनुभयो। अनकन्टार पहाडको गाउँमा डोकोमा बोकिएर ती ग्रन्थहरू आइपुगे। तिनको नियमित पाठ उहाँको दिनचर्या भयो र उहाँको अनुकरण गर्नु हामी छोराछोरीहरूको।

मेरा साहित्य सिर्जनाको जरामा भानुभक्तको रामायण र सुब्बा होमनाथ केदारनाथको महाभारतका श्लोकहरू र कथा-उपकथाहरू तथा लेखनाथ पौड्याल र लक्ष्मीप्रसाद देवकोटाका अमर कविताहरू कुँदिएका छन्। ती अमर कृतिहरू र ती कालजयी स्रष्टाहरूका शब्दहरू मेरो शरीरको कोषकोषमा बीजमन्त्रका रूपमा वसेका छन् जो मेरो साहित्य-सिर्जनाका जग हुन्। आज यस घडीमा म महसुस गर्दै छु– ती महामना पूर्ववर्त्तीहरू नभएको भए म हुने थिइनँ। उहाँहरूले अत्यन्त कठिन अवस्थामा अत्यन्त कठोर परिश्रम गरेर खनिदिनुभएको बाटोमा मैले पनि जानी नजानी पाइला चाल्न गरेको प्रयत्न नै मेरो साहित्यिक यात्रा हो। आज साहित्यमा म जे छु र जहाँ आइपुगेको छु त्यो मूलत: उहाँहरूको नै आशीर्वाद र प्रेरणा हो।

मेरो साहित्यिक जीवनको यस अविष्मरणीय अवसरमा म ती महात्मा स्रष्टाहरूलगायत भाषा साहित्यप्रति समर्पित सबैका सामु श्रद्धापूर्वक शिर निहुराउँछु र सम्मान अर्पण गर्दछु।

मैले जीवन र मृत्युको दोसाँधमा चरम वेदना सहँदै 'अन्तर्मनको यात्रा' लेख्न थालेको थिएँ। त्यसरी बिरामी नभएको भए मैले अरू जेजे लेखे पनि 'अन्तर्मनको यात्रा' लेख्ने थिइनँ। दु:खले मलाई जीवनको र जगतको अझ गहिरिएर अनुभव, अवलोकन र चिन्तन गरायो, गहिराइमा पुऱ्याएर चिनायो। मेरो किशोरावस्थामा पनि मलाई दुखले नै साहित्यप्रति आकर्षित गरेको थियो र मैले लेख्न थालेको थिएँ। दुख नचिनेको मान्छेले साहित्य चिन्दैन।

'अन्तर्मनको यात्रा' लेख्दा मेरो तन-मनमा पहिरो गएको थियो। उपचारका क्रममा म क्रमश: बौरिँदै गएँ र आज यस विद्वत् मण्डलीबीच यसरी उभिएर बोल्न सक्ने भएको छु। यसबेला मलाई बौराएर यस अवस्थामा ल्याउने सबैलाई म हार्दिकतापूर्वक स्मरण गर्दै छु।

लोकार्पण भएको छ महिना नपुग्दै 'अन्तर्मनको यात्रा' का करिब नौ हजार प्रतिहरू बजारमा पुगिसकेका छन् र माग अरू बढिरहेको छ। म जस्तो सामान्य भुइँमान्छेको आत्मकथाको यस्तो माग होला भन्ने सोचेको थिइनँ। 'अन्तर्मनको यात्रा'का माध्यमले मैले देश र विदेशका असङ्ख्य किशोरकिशोरीदेखि सबै वयका पाठकहरूबाट पत्र, फोन, इमेल, अप्रत्याशित साक्षात्कार, पत्रिका र वेबसाइटमा टिप्पणीहरूमार्फत अत्यन्त भावपूर्ण माया पाएको छु। यो ग्रन्थ समाजका धेरै थरी पाठकहरूबाट किन यति सारो मन पराइयो भन्ने बुझ्न मलाई गाह्रो भयो।

अनि मेरो सम्पर्कमा आएका धेरै पाठक, भावकहरूलाई सोधें– "के पाउनुभयो तपाईंले यस ग्रन्थमा त्यस्तो कुरा ?"

धेरैले भन्नुभयो– "तिम्रो कथाका धेरै प्रसङ्गहरूमा मैले आफैलाई पाएँ, आफन्तलाई पाएँ, समाजलाई पाएँ, देशलाई पाएँ।"

ती जवाफहरूबाट म यस निष्कर्षमा पुगेको छु कि जगत्मा कुनै न कुनै मात्रामा तन-मनमा पहिरो नगएको मान्छे हुँदो रहेनछ। मैले मेरो मात्र तन-मनको पहिरो लेखेको रहेनछु, अरूको पनि लेखेको रहेछु, समाज र देशको पहिरोको कथा पनि लेखेको रहेछु। मलाई त्यो थाहा थिएन। मैले त केवल लेखेको थिएँ। त्यो कुरा मैले यस ग्रन्थका भावकहरूबाट बुझें र मेरा आँखा उघ्रिए।

किमो उपचारकै क्रममा रहेको बेला करिब डेढ वर्षअघि, फेरि पुग्न सकिएला कि नसकिएला भनेर सकीनसकी म मेरो जन्मस्थल मन्थली, रामेछापमा पुगें। त्यसबेला मेरो परिवार, आफन्त र शुभचिन्तकहरू

मिलेर "जगदीश घिमिरे प्रतिष्ठान"को स्थापना गरे र त्यसको उद्देश्य प्राप्त गर्नका लागि एक निश्चित रकमको अक्षय कोशको पनि व्यवस्था गरे। त्यस प्रतिष्ठानको मूल उद्देश्य रामेछापका अत्यन्त सीमान्तीकृतहरूको स्वास्थ्योपचारमा सहयोग गर्नु र सहउद्देश्यले साहित्य प्रवर्द्धन गर्नुसमेत हो ।

आज यस सभामा मदन पुरस्कार गुठीबाट पुरस्कारस्वरूप प्राप्त हुने सम्पूर्ण रकम जगदीश घिमिरे प्रतिष्ठानको त्यस अक्षय-कोशमा थपिएर चिरकालसम्म अक्षत हुनेछ र त्यसको लगानीबाट हुने आम्दानी पनि चिरकालसम्म सीमान्तीकृतहरूको सहयोग र साहित्यसेवामा सदुपयोग गरिनेछ भन्ने कुरा निवेदन गर्न पाउँदा मलाई अपार हर्ष लागेको छ ।

यस पुस्तकबाट मैले यतिविधि माया र मान पाउँला भन्ने सोचेको थिइनँ। मदन पुरस्कार गुठीका सरोकारवालाहरूको, साहित्य मर्मज्ञहरूको र भावकहरूको यो मान र मायाले मलाई अरु बढी प्रेरित गरेको छ । बढी स्वस्थ बनाएको छ । बढी उत्तरदायी बनाएको छ ।

साधुवाद ! नमस्कार !